# गुर्भाकोट नगरपालिका, सुभाघाट सुर्खेतबाट शिक्षातर्फ विनियोजित बजेट व्यवस्थापन गर्नका लागि तयार पारिएको कार्यविधि, २०७४

## १. प्रस्तावना :

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) ले दिएको अधिकार प्रयोग गरी गुर्भाकोट नगर सभाबाट शिक्षा क्षेत्रमा विनियोजित बजेटलाई व्यवस्थापन गरी अधिकाधिक उपलब्धी प्राप्त गर्न नगरपालिकाबाट यो कार्यविधि तयार भइ गुर्भाकोट नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुने गरी जारी गरिएको छ ।

## २. परभिाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) कार्यपालिका भन्नाले गुर्भाकोट नगरपालिकाको कार्यपालिकालाई सम्भmनु पर्दछ ।

ख) नगर शिक्षा शाखा भन्नाले गुर्भाकोट नगरपालिकाको शिक्षा शाखालाई सम्भmनु पर्दछ ।

ग) सामाजिक विकास समिति भन्नाले नगरकार्यपालिकाको सामाजिक विकास समितिलाई सम्भmनु पर्दछ ।

घ) बजेट भन्नाले चालु आ.व.मा नगर सभाबाट शिक्षा क्षेत्रमा विनियोजित बजेटलाइ सम्भmनु पर्दछ ।

## ३. उद्देश्य :

क) नगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि र भौतिक सुधार गर्ने ।

ख) सरकारी - निजि साभmेदारीको अवधारणा अनुसार व्यवसायिक र सिपमूलक कार्यक्रमहरु सञ्चालन र प्रवर्द्धन गर्ने।

ग) प्राप्त श्रोत साधनको अधिकतम उपयोग गरी विद्यार्थीको सिकाइ उपलब्धीमा अभिवृद्धि गर्ने ।

घ) नविनतम् सूचना प्रविधिको प्रयोग गर्दै बालमैत्री नगरमा परिणत गर्नका लागि अनुगमन संयन्त्रको विकास गर्ने ।

ङ) प्रारम्भिक बालविकास समूहका बालबालिकाको संरक्षण र विकासमा सहयोग पुर्‍याउन प्रारम्भिक बाल शिक्षकलाई अभिप्रेरित गर्ने ।

## ४) विनियोजित बजेट परिचालन समिति :

१) विनियोजित बजेटलाई पेश भएका प्रस्तावना बमोजिम पारदर्शी तरीकाले परिचालन गर्नका लागि देहाय बमोजिमको एक बजेट परिचालन समिति रहने छ ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) लेखा अधिकृत - सदस्य

ग) प्राविधिक शाखाको प्रमुख -सदस्य

घ) योजना शाखाको प्रमुख -सदस्य

ङ) श्रोतव्यक्ति -सदस्य

च) नगर शिक्षा शाखा प्रमुख -सदस्य- सचिव

२) बजेट परिचालन समितिले सम्बन्धित विषयका विशेषज्ञ र जनप्रतिनिधिहरुलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुने छ ।

## ५) बजेट परिचालन समितिको काम, कर्तव्य र अधिकार :

क) आवश्यक सूचना तथा तथ्याङ्क संकलन र विश्लषण गर्ने ।

ख) कार्य सम्पादनको अनुगमन तथा निरीक्षण गर्ने ।

ग) भए गरेको कार्य प्रगतिको अभिलेखीकरण गर्ने ।

घ) बजेट परिचालन प्रकिया निर्धारण गरी कार्यान्वयन गर्ने गराउने।

ङ) नगर कार्यपालिका र शिक्षा समितिले ताके बमोजिमका अन्य कार्य गर्ने ।

## ६) बजेट परिचालन प्रकिया :

क) विद्यालयहरुलाई बजेट शिर्षक अनुसारको प्रस्तावना पेश गर्न लगाउने।

ख) प्राप्त प्रस्तावनाको विश्लेषणका आधारमा स्थान प्राथमिकीकरण गरी प्राविधिक खटाउन नगर कार्यपालिकामा सिफारिस गर्ने ।

ग) प्राविधिकबाट प्राप्त लागत स्टिमेटका आधारमा सम्झौता गर्ने ।

घ) शिक्षण सिकाई प्रकियामा प्रभावकारिता ल्याउनका लागि अनुगमन योजना बनाइ कार्यान्वयन गर्ने गराउने ।

ङ) विनियोजित बजेटका आधारमा कार्य सम्पन्न भए नभएको मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

## ७) बाधा अड्काउ फुकाउ :

बजेट व्यवस्थापन तथा परिचालनका कममा कुनै बाधा अड्काउ आइपरेमा गुर्भाकोट नगरकार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

## ८) अन्तिम अधिकार :

बजेट व्यवस्थापन तथा परिचालन सम्बन्धी अन्तिम अधिकार गुर्भाकोट नगरपालिकामा निहित रहने छ ।

## ९) परिमार्जन तथा  संशोधन :

यस कार्यविधिलाइ आवश्यकता अनुसार गुर्भाकोट नगरकार्यपालिकाको बैठकबाट परिमार्जन तथा संशोधन गर्न सकिने छ ।

अनुसुची -१

गुर्भाकोट नगरपालिकाबाट चालु आ.व.२०७४।७५ मा विनियोजित कार्यक्रम कार्यान्वयन योजना -२०७४

| क.सं. | कार्यक्रम | प्रकिया | बजेट ( हजार मा ) | समयावधि | सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |